# नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

महालक्ष्मी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

**जितपुर, धनकुटा**

## **"महालक्ष्मी नगर समृद्धिको आधारः कृषि, व्यापार, पर्यटन र पूर्वाधार"**
## **महालक्ष्मी नगरपालिका धनकुटाको**
## **आगामी आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम**

यस महालक्ष्मी नगरपालिका, धनकुटाको आर्थिक वर्ष ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा उपस्थित हुनु भएका **प्रमुख अतिथि कोशी प्रदेशको स्वास्थ्य मन्त्री श्री राजेन्द्र कार्कीज्यू,, विशेष अतिथि प्रदेश सदस्य (ख) माननीय ईन्द्रमणी पराजुलीज्यू, अतिथि जिल्ला समन्वय समिति, धनकुटाका प्रमुख श्री निरेन तामाङ्गज्यू, उपस्थित अतिथिज्यूहरु उप प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, कर्मचारी, सुरक्षाकर्मि र पत्रकार** साथिहरुलाई हार्दिक स्वागत गर्दछु ।

महालक्ष्मी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ | यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र सुशासनको लागि विभिन्न आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । सम्पूर्ण घाइतेहरु प्रति उच्च सम्मान व्यक्त गर्दै शीघ्र स्वाथ्य लाभको कामना गर्दछु ।

**"समृद्ध नेपाल, सुखी नेपाली"**भन्ने राष्ट्रिय लक्ष्य प्राप्त गर्न साथै **"स्वच्छ, सुखी र समुन्नत"** प्रदेश बनाउने प्रादेशिक लक्ष्य हासिल गर्न र **"महालक्ष्मी नगर समृद्धिको आधारः कृषि, व्यापार, पर्यटन र पूर्वाधार"**बनाउने हाम्रो नगरको प्रमुख लक्ष्य रहेको छ ।यसै लक्षलाई साकार पारी यस नगरको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, पूर्वाधार तथा संस्थागत विकास गर्न संघ र प्रदेश सरकारसँग समन्वय, सहकारिता र सहअतित्वको सिद्धान्त अनुरुप सहकार्य गर्दै नगरलाई प्रविधिमैत्री सेवा प्रवाह दिगो विकास, दिगो र फराकिलो आर्थिक वृद्धि र विकास, कृषि, व्यापार र पर्यटन गरिवि न्यूनिकरण गर्दै समृद्ध र सुशासनयुक्त नगर विकास गर्न प्रतिवद्धता व्यक्त गर्दछु । दिगो र समृद्ध नगर विकासको माध्ययमबाट भविष्यको पुस्तालाई समेत ख्याल गर्दै स्रोत, साधनको उच्चतम सदुपयोग गर्दै नगरको समृद्धिका लागि सबै जनप्रतिनिधी र नागरिकहरुसँग सहयोगको अपेक्षा गरेको छु ।

आगामी आर्थीक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं योजना, संघीय नीति तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता, कार्यपालिका सदस्यहरुको राय, सल्लाह तथा विभिन्न विषयगत समितिहरुको सुझावलाई मार्गदर्शनको रुपमा लिएकोछु । आम नागरिक, राजनैतिक दल, विद्वत वर्ग, नागरिक समाज,नीजि क्षेत्र, पिछडिएका तथा सीमान्तकृत वर्गसहित सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत आधार लिंदै महालक्ष्मी नगरपालिकाले लिनु पर्ने नीति तथा कार्यक्रम तयार गरी नगरको समृद्धिको खाका कोर्ने अवसरमा जुटि रहेका छौं ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ | जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ | शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु |

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु |

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

अव म महालक्ष्मी नगरपालिकाले आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु:

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४,
- संघ तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नगरपालिकाको जनसंख्या,
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु,
- महिला, वालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने योजनाहरु ,
- नगरपालिकाको भौगोलिक अवस्था,
- वित्त व्यवस्थापन ऐन २०७४
- विकासका समसामायिक मुद्धाहरुः दिगो विकास सम्बन्धि नीति, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास,बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा सरसफाई,उर्जा संकट लगायतका अन्य सम्बन्धित बिषयहरु,
- निर्वाचनको क्रममा जारी गरीएको निर्वाचन घोषणापत्रहरु,
- फजुल खर्च कटौती गर्ने, मितव्ययिता अपनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन सम्बन्धि निर्देशिका,
- महालक्ष्मी नगरपालिकाले आवश्यक ठानेका बिषयहरु,
- विगतमा आर्थिक बर्षमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु,
- बिभिन्न राजनितीक दलहरु, संघ संस्थाका प्रतिनिधीहरु, नगरबासी दाजुभाई तथा दिदीबहिनीका सल्लाह, सुझावहरु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

महालक्ष्मी नगरपालिकाको विकासको मूल आधार स्तम्भको रूपमा कृषी, शिक्षा, स्वास्थ्य, उद्योग, पयर्टन र रोजगारीलाई स्वीकार गरी ती आधार स्तम्भको विकास र प्रर्वद्धन गर्दै नगरबासीको सुखी जीवनको सुनिश्चिता गर्दै नगरको समृद्धि गर्नु नै नगरपालिकाको दीर्घकालीन सोचका साथ एकिकृत शहरी विकास योजना निर्माण गरिनेछ । कृषी उत्पादन, पशुपालन, पयर्टन, व्यापार, लघु उद्योग, गुणस्तरीय शिक्षाको माध्यमबाट जनताको आयस्तरमा आगामी पाँच बर्षभित्रमा उल्लेख्य मात्रामा वृद्धि गर्दै मध्यम आयस्तर भएका देशका नागरिकसरह बनाउने प्रमुख लक्ष्यका साथ उक्त लक्ष्य हासिल गर्न निम्नानुसारको उद्देश्य तय गरिएको छ ।

- कृषि तथा पशुपंक्षी विकासमा आधुनिकीकरण, व्यवसायीकरण गर्ने ।
- राष्ट्रिय भू–उपयोग नीति २०७२ तथा महालक्ष्मी नगरपालिकाको भू–उपयोग वर्गिकरण गरिसकिएको र त्यसलाई अझ व्यवस्थित गर्ने ।
- सबै वडामा हिउँद बर्षा दुवै मौसममा सवारी साधन चल्ने गरी सडकको स्तरोन्नति तथा कालोपत्रे गर्दैजाने साथै सबै टोल बस्तीसम्म सहज आवतजावत गर्न सकिने गरि कृषी सडक निर्माण गर्ने ।
- सार्वजनिक सेवालाई उच्च प्राथमिकतामा राखी सबै वडा कार्यालयबाट प्रभावकारी अनलाइन, चुस्तदुरुस्त सेवा प्रवाह गर्ने ।
- नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूलाई क्रमशः ल्याव, एक्स–रे लगायतका विशिष्ट प्रविधिजन्य उपकरणयुक्त बनाई सेवा प्रदान गर्ने ।
- औपचारिक, अनौपचारिक शिक्षा साथै प्राविधिक तथा प्रविधिमैत्री शिक्षालाई जोड दिंदै गुणस्तरीयता बढाउदै जाने ।
- नगरका सबै वडाबासीहरूमा शुद्ध खानेपानीको सुविधा बिस्तार गर्ने ।
- मेयर टोल सुधार संस्थालाई प्रभावकारी वनाउनको लागि नगरको योजना प्रक्रियादेखि कार्यान्वयन प्रक्रियासम्म सहभागी गराउने ।

- प्राकृतिक विपद् तथा सङ्क्रमणयुक्त रोगको महामारीबाट बच्न विपद् तथा प्रकोप व्यवस्थापन कोषलाई सुदृढ र परिमार्जीत बनाउने ।
- योजना अनुगमन र मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्ने ।
- सूचना तथा सञ्चार, युवा स्वरोजगार र युवा तथा खेलकुद विकासलाई प्रर्वद्धन गर्ने ।
- सबै प्रकारका निकासीजन्य वस्तुको बजारीकरण गरी निकासी प्रर्वद्धन गर्ने ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत नगरपालिकामा रहेका सक्रिय उमेरका बेरोजगार जनशक्तिलाई आर्थिक रूपमा सवल बनाउन न्यूनतम रोजगारीको सुनिश्चिता गर्ने ।
- भूमि बैङ्क स्थापना गरी बाँझो जग्गामा कृषिजन्य पदार्थ उत्पादन गरि कृषि उत्पादकत्व वृद्धि गर्ने ।
- पर्यटकीय पूर्वाधार विकास गरेर ग्रामीण पर्यटनलाई पर्यटन ब्यबसायको रुपमा विकास गर्ने ।
- नगर क्षेत्रमा उद्यमशीलता अभिवृद्धि गर्ने ।
- नगरपालिकाको सुशासन पक्षलाई अझ प्रभावकारी बनाउने र सेवा प्रवाहलाई सरलीकृत गर्ने ।
- विकासका सबै क्षेत्रमा लैङ्गिक समता कायम गर्ने । अब निर्माण हुने सबै भवनहरु अपाङ्गमैत्री वनाउने ।
- वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा शहरी क्षेत्रमा शौचालयको व्यवस्थापन गर्ने ।
- सार्वजनिक जग्गा संरक्षण, व्यवस्थापन, पूर्वाधार विकास (सडक, पुल, भवन, सिंचाई, खानेपानी, पार्क निर्माण आदि) गर्ने, ऐलानी तथा अव्यवस्थित जग्गाको व्यवस्थापन गर्ने । साथै, गुठी जग्गाहरुको अभिलेखीकरण गरी व्यवस्थित गर्ने ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

महालक्ष्मी नगरपालिकाले आ.ब. २०८१/०८२ मा लिएका मुख्य नीति तथा कार्यक्रमका उद्देश्य पूरा गर्न सके देहाय बमोजिमको अपेक्षित उपलब्धि हासिल हुनेछ ।

- नगरबासीको औसत आयु बृद्धि भई ७५ बर्ष हुनेछ ।
- नगर घरेलु हिंसामुक्त बालश्रममुक्त पूर्ण साक्षर, पूर्ण खोप र पूर्ण सरसफाईयुक्त र भौतिक पूर्वाधारसम्पन्न हुनेछ ।
- अनौपचारिक तथा औपचारिक र प्राविधिक शिक्षाको गुणस्तरमा सुधार तथा प्राविधिक क्याम्पसको गुणस्तर बृद्धि हुनेछ।
- सबै वडाका सडकहरु कालोपत्रे बनाउदै लगिनेछ साथै सबै टोलहरूमा कृषी सडक पुगेको हुनेछ ।
- आन्तरिक र बाह्य पयर्टनको माध्यमबाट युवा तथा आर्थिक रूपमा विपन्न जनशक्तिलाई रोजगारीको अवसर प्राप्त हुनेछ।
- भूमि बैङ्कको कार्यान्वयनबाट कृषी क्षेत्रमा व्यावसायिकता र उत्पादकत्व वृद्धि हुनेछ ।
- आर्थिक रूपमा विपन्न जनसंख्या उद्यमी बन्न उत्साहित हुनेछन ।
- खाद्यान्न, सागसब्जी, दुधजन्य पदार्थ, फलफूल तथा जडिबुटीहरूबाट नगरबासीहरू आर्थिक रूपमा आत्मनिर्भर बन्नेछन्।
- नगरपालिकामा सुशासन प्रर्वद्धन हुनेछ ।
- नगरपालिकामा व्यवसायिक खेलाडीको उत्पादनको सुरुवात हुनेछ ।
- सागसब्जी, दुधजन्य पदार्थ निर्यात गरी नगरबासीको जीवन शैलीमा उल्लेख्य सुधार हुनेछ।
- वातावरणीय हिसाबमा उत्कृष्ट हरित नगरको रूपमा विकास हुनेछ।
- नगरपालिकाका सबै वडाका धार्मिक,सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक वस्तुहरूको संरक्षण र प्रवद्र्धन गरी व्यवसायिक पर्यटनको हबहरू बन्नेछन् ।
- घरेलु हिंसा लगायत सबै प्रकारका महिला हिंसाको अन्त्य हुनेछ । सामाजिक सुरक्षा र समावेशी विकास भई समतामुलक समाज निर्माण हुनेछ ।
- मृतकको नाम अभिलेखमा राखेपछि वर्तमान जनसंख्या, वास्तविक सामाजिक सुरक्षा भत्ता र मतदाता कायम रहनेछन् । जसको कारणले उपयुक्त नीति, नियम र कार्यनीति अपनाउन सहज हुनेछ ।

- शहरी तथा बजार क्षेत्रमा फोहरमैला व्यवस्थापन तथा शहरी क्षेत्रमा शौचालयको व्यवस्थापन भई नागरिकलाई सहज हुनेछ ।
- महालक्ष्मी नगरपालिकाका नागरिकहरुले निशुल्क सववाहनको सेवा प्राप्त गरेका हुनेछन् ।
- महालक्ष्मी नगरपालिकाका विभिन्न सडक तथा भौतिक पूर्वाधारहरु विग्रीएका, भत्किएका साथै स्तरोन्नतीको लागि तत्काल वजेट व्यवस्थापन भएको हुनेछ ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

अब म महालक्ष्मी नगरपालिकाले आ.ब. २०८१/०८२ मा लिएका मुख्य नीति तथा कार्यक्रमहरु यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

**१. आर्थिक विकास सम्बन्धि नीति**

**(क) कृषि:**

- महालक्ष्मी नगरपालिकाले लिएको नीति अनुसार एक वडा एक कृषी उत्पादन कार्यक्रमलाई अघि बढाइनेछ ।
- व्यवसायिक रुपमा काम गर्ने "किसानलाई नगरपालिकाको सम्मानः किसानलाई उत्पादनको आधारमा पुरस्कृत," नीति अबलम्बन गरिने छ । यसको लागि श्रोत सुनिश्चित गरिनेछ ।
- महालक्ष्मी नगरपालिकामा भएको पकेट कार्यक्रमलाई संरक्षण तथा निरन्तरता साथै भुगोल, हावापानी अनुसार नया पकेट कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उत्पादन र उत्पादकत्व वढाउन यस क्षेत्रमा आधुनिकिकरण, व्यवसायिकिकरण र यान्त्रीकिकरणमा जोड दिईनेछ।
- कृषी खेतीलाई व्यवसायीकरण गर्न वित्तिय संस्थाहरु मार्फत कृषकलाई सहुलियतपूर्ण ऋणमा व्याज अनुदान र साझेदारीमा कृषि अनुदानलाई अगाडि बढाइनेछ । साथै उचित वजारीकरणको व्यवस्था गरीनेछ ।
- महालक्ष्मी नगरपालिकाले प्रभावकारी प्रविधि र गुणस्तरीय बीउ बीजनको श्रोत केन्द्रको स्थापना गरिनेछ ।
- **व्यवसायिक कृषि आधुनिक प्रविधि कृषिमा लगानी नगरको समृद्धि भन्ने सोचका** साथ कृषिमा आत्मनिर्भरता र व्यवसायिकिकरणका लागि कृषिमा विशिष्टिकरण र आधुनिकिकरणको नीति अनुरुप कृषि औजार तथा उपकरणमा साझेदारी गर्ने, कृषिमा विविधिकरण गर्दै नगदेवालिको उत्पादन गर्ने कृषि उत्पादनमा आधारीत अनुदान दिने वाँझो रहेका जग्गाको उपयोग गर्ने, नर्सरी स्थापना गर्ने र स्थानीय जातका वीउ संरक्षण गर्ने, कृषि वजारीकिकरणका लागि कृषि उपज संकलन र भण्डारण साथै हाटवजारको व्यवस्थापन गर्ने, विषादीलाई निरुत्साहित गरी प्राङ्गगरीक कृषि उत्पादनमा प्रोत्साहन गरीनेछ ।
- माटो परिक्षण र माटोमा खाद्यतत्वको सन्तुलन कायम गर्न विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- **सवै जमिनमा सिँचाई पुर्‍याउ वाँझो जमिनलाई उर्वर वनाउँ** भन्ने सोचका साथ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गरीवि निवारणमा टेवा पुर्‍याईनेछ ।
- जलवायू परीवर्तका कारण कृषि क्षेत्रमा आउन सक्ने रोग, महामारी तथा विपद् जोखिमलाई न्यूनिकरण गर्न कृषी बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषकहरुको खाद्य तथा नगदे बालीलाई संरक्षण गर्न बाँदर लगायतका वन्यजन्तुहरु नियन्त्रण गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरी कृषकलाई सुरक्षित खेती गर्ने व्यवस्था मिलाईनेछ ।
- कृषी उत्पादन क्षेत्रहरुमा सिंचाइ सुविधा विस्तार गर्न साना सिंचाई विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ ।
- कृषि उत्पादन प्रवद्धनका लागि आगामि आ.व. २०८१/०८२ देखि कोल्ड स्टोर सञ्चालन गरिनेछ । साथै, आवश्यकता अनुसार अन्य स्थानहरुमा समेत मिनि कोल्डस्टोर निर्माण गरिदै लगिनेछ ।
- दिगो कृषि विकासका लागि एकीकृत कृषि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- कृषकको क्षमता विकास गर्न आवश्यक तालिम र सचेतना कार्यक्रम संचालन गरिनेछ ।

**(ख) पशु विकास**

- महालक्ष्मी नगरपालिकाले एक वडा एक प्राविधिकहरुलाई क्षमता अभिवृद्धि गर्दै सवै वडावाट चुस्त दुरुस्त रुपमा पशु स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- यस पालिकामा मासु तथा दुधमा आत्मनिर्भर हुँदै उन्नत जातका पशुपंक्षी (गाई, भैंसी, बाख्रा र बंगुर) भित्र्याइ उत्पादन क्षमता सुधार गरी अगाडि बढ्ने नीति लिइनेछ ।
- कृषकलाई दुध उत्पादनमा प्रोत्साहन गर्न आवश्यकता अनुसार चिलिङ भ्याट, मिल्क एनालाईजर लगायतको यान्त्रीकरण वितरणलाई बढवा दिइनेछ ।
- पशु नश्ल सुधारको लागि उन्नत जातको गाई, भैंसीमा कृत्रिम गर्भाधान र उन्नत जातको पशु भित्र्ाउने कार्यलाई निरन्तरता दिई कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- पशुपंछी मृत्युदर कम गर्न उपचार तथा प्रयोगशाला सेवा विस्तार तथा प्रत्येक वडामा सेवा केन्द्र विस्तार गर्ने ।
- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिई कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- पशुधन र जनस्वास्थ्यको रक्षा गर्न पशुरोग नियन्त्रण सम्वन्धि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाई, बाख्रा, भैंसीपालक, वंगुरपालक, कुखुरापालक, माछापालक कृषकलाई वित्तिय सस्था मार्फत सहुलियत ऋण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- पशुरोगहरुको निदान रोकथाम र नियन्त्रणको लागि खोप अभियान कार्यलाई निरन्तरता दिईनेछ ।
- पशुजन्य महामारीको रुपमा देखा पर्ने विभिन्न रोगहरु जस्तै लम्पि स्किन रोगको रोकथाम तथा नियन्त्रणका लागि खोप अभियान लगायत अन्य कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- पकेट क्षेत्र निर्धारण कार्यलाई निरन्तरता दिइनेछ ।
- पशु बधशालाका लागि अन्य निकायको समन्वयमा निर्माण प्रकृया अगाडि बढाइनेछ ।
- आबश्यक स्थानहरुमा पशु हाट बजारको उचित व्यवस्थापन गरिनेछ ।
- गोठ तथा खोर सुधार, निर्माण कार्यक्रमलाई निरन्तरता दिई कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

**(ग) उद्योग/वाणिज्यः**

- बेरोजगार युवा, वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरुलाई साना तथा मझौला उद्योग/व्यवसाय संचालन गर्न आवश्यक पर्ने सीप, पूँजीको प्रबन्ध गर्न युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।
- शैक्षिक वेरोजगार नगरबासीहरुलाई साना तथा मझौला उद्योग/व्यबसाय संचालन गर्न आवश्यक पर्ने सीप, पूँजीको प्रबन्ध गर्न नगर स्वरोजगार कार्यक्रम संचालन गरी ऋण लगानी गर्ने तथा नगर स्वरोजगार कार्यक्रम लाई अघि बढाइनेछ ।
- लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरेर उचित प्रबर्धन र विकासमा जोड दिइनेछ ।
- महालक्ष्मी नगरपालिका वडा नं १ कटहरेमा औद्योगिक ग्राम निर्माण कार्य सम्पन्न गरी ब्यवस्थित गरिनेछ ।
- कृषिमा आधारित उद्योग/व्यबसाय स्थापना र संचालनमा प्रोत्साहित गर्न कृषी उद्योग दर्ता, नवीकरण गर्दा लाग्ने शुल्क र आयमा लाग्ने करमा छुट दिने नीति अवलम्बन गरिनेछ ।

**(घ) पर्यटनः**

- नगर क्षेत्रभित्रका पर्यटकिय महत्वका स्थानहरुको व्यवस्थित रुपमा विकास गर्दै सर्वकालिन पर्यटकिय गन्तव्यका रुपमा विकास गर्ने नीति लिईनेछ ।
- महालक्ष्मी नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।
- जैविक सांस्कृतिक विवधता र प्राकृतिक सौन्दर्यले भरीपूर्ण नगर क्षेत्रभित्रका नयाँ पर्यटकीय गन्तव्यको पहिचान गरी सो को संरक्षण र प्रवर्धन गरिनेछ ।
- महालक्ष्मी नगरपालिका वडा नं. १ मा रोपवे निर्माणको लागि विभिन्न निकायहरुमा पहल गरिनेछ ।
- महालक्ष्मी नगरपालिकाका विभिन्न स्थानहरुमा निजी क्षेत्र, व्यवसायी र स्थानीय समुदायसँग सहकार्य गरी होमस्टे संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- महालक्ष्मी नगर क्षेत्रभित्र रहेका विभिन्न पर्यटकीय क्षेत्रहरु (वनझाक्री पार्क, लेगुवा झरना, पात्लेपानी पिकनिक स्पट, थामडाँडा पर्यटकिय क्षेत्र, चित्रे ताल लगायत अन्य पर्यटकिय स्थलहरु) को विकास, संरक्षण र विस्तारको लागि सम्वन्धित निकाय, संस्था निजि क्षेत्रहरुलाई लगानि गर्न आवश्यक पहल गरिनेछ

**ङ) सहकारीः**

- स्थानीय तहमा सहकारी मार्फत सामुहिक व्यवसाय संचालन मार्फत स्वावलम्वन तथा आत्मनिर्भर वनाउने नीति लिइनेछ।
- वित्तीय सेवा तथा प्रविधिको पहुँच बिस्तार गर्न सहकारी शिक्षा तथा तालिम संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- सहकारितामा आधारित कृषि क्षेत्रसंग सम्बन्धित उत्पादन, प्रशोधन तथा बजारीकरणको विकास तथा प्रवर्धनको लागि आवश्यक नीति लिइनेछ ।
- सहकारी क्षेत्रको प्रर्वद्धन र दिगो विकासको नीति लिइनेछ ।
- खेती योग्य बाँझो जग्गा उपयोग हुने गरी सहकारी मार्फत सामुहिक तथा व्यावसायिक खेती प्रवर्धन गर्ने नीति लिइनेछ ।
- स्थानीय सहकारी संस्थालाई प्रविधिमैत्री बनाउनका लागि सहकारीहरुको आवश्यकताको पहिचान गरी सहयोग गर्ने नीति लिइनेछ ।
- सहकारीहरुको स्तर उन्नतिका लागि अध्ययन अवलोकन भ्रमण तथा उपकरण अनुदान एवं संरचनागत विकास गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रभित्रका साना तथा ठुला सक्रिय वा निष्कृय रहेका सहकारीहरुलाई सक्रिय सहकारी सँग एकीकरण गरी व्यवस्थित गरिने र पुराना निस्कृय सहकारी रहेका ठाउँमा सोही प्रकृतिका नयाँ सहकारी दर्ता नगर्ने प्रावधान ल्याइनेछ ।
- कृषि, पशुपालन, सहकारी क्षेत्रमा आइपर्ने विभिन्न समस्याहरुलाई न्यूनीकरण गर्न अनुगमन तथा जनचेतना मूलक कार्यक्रम संचालन गर्ने साथै अनुदानको कार्यक्रमहरुमा निरन्तरअनुगमन गरिनेछ ।

**(च) खानी तथा खनिजः**

- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम नगरपालिका क्षेत्र भित्र रहेका खोलानालाबाट नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत प्रबन्ध गरि व्यवस्थित गरिनेछ ।
- महालक्ष्मी नगरभित्र रहेका तामाखानी, चुनढुङ्गा, फलामखानी तथा धातुजन्य वस्तुको सम्भाव्यता अध्ययन गरिनेछ।
- महालक्ष्मी क्षेत्रभित्र रहेका विविध प्रकारका खानिज जन्य वस्तुको निर्यातमा लाग्ने कर समयानुकुल परीमार्जन तथा व्यवस्थापन गरिनेछ ।

**छ) रोजगार प्रवर्धन तथा गरिवी न्यूनीकरणः**

- निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सृजना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु सञ्चालनगरिनेछ ।
- स्थानीय रोजगारीको अवस्था अध्ययन गरी दिगो समावेशी मर्यादित र व्यवस्थित श्रमवजार सुनिश्चित गरिनेछ ।
- स्थानीय युवालाई स्वरोजगार वनाई श्रमवजारमा आकर्षित गर्न पहल गरिनेछ ।
- गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरि विभिन्न निकाय एवं क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ ।
- रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सृजना हुने क्षेत्रहरुको पहिचान गरि नवीनतम् सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- रोजगार सम्वाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल र सहभागितामा आवश्यक रोजगारयोग्य कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसंग समन्वय गरिनेछ ।
- स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरि रुपान्तरण गरिदै लगिनेछ ।
- रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरिनेछ ।
- वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई नगरपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- उद्यमशिलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु,बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि नयाँ उद्यमी सृजना गरि स्वरोजगारमा वृद्धि गरिनेछ।
- रोजगार सेवा केन्द्रबाट सूचिकृत बेरोजगार श्रमिकलाई रोजगार प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ब्यवस्थित गरिनेछ । उक्त कार्यक्रममार्फत बेरोजगार जनशक्तिलाई रोजगारीको प्रबन्ध गरिनेछ ।
- **"यूवासंग नगर हुने छैनन् वेरोजगार"** भन्ने मुल नाराका साथ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक एवं आर्थिक विप्रेषणलाई उद्यमशिलता प्रवर्द्धनमा परिचालन गरि सम्मुनत नगर निर्माणमा जोड दिईनेछ ।
- स्थानीय तहबाट नै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

**२. सामाजिक विकास सम्बन्धि नीति**

**(क) स्वास्थ्य तथा सरसफाई**

- प्राथमिक स्वास्थ्य केन्द्र, जितपुरमा आधुनिक एक्स–रे मेसिनबाट एक्स–रे सेवालाई निरन्तरताका साथै अन्य प्रविधिमैत्री विद्युतिय सामाग्रीहरुको समेत सेवा प्रदान गरी ल्याबको स्तर वृद्धि गर्नुका साथै कम्तिमा १५ शैयाको भवन समयमा नै निर्माण सम्पन्न गर्न पहल गरी अस्पतालमा रुपान्तरण गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।
- सबै स्वास्थ्य संस्थाको मर्मत सम्भार गरिने छ।स्वास्थ्य संस्थामा नियमित औषधि बितरण कार्यक्रमलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ।
- सरुवा रोग नियन्त्रण गर्न आवश्यक कार्यक्रम संचालन गर्ने र सबै स्वास्थ्य संस्थामा २४ घण्टे सेवा प्रदान गर्न क्रमशः कार्यक्रम ल्याइने छ।
- ढल व्यवस्थापन कार्यका साथै पूर्ण सरसफाई नगरलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- सबै गर्भवती र सुत्केरी महिलालाई स्वास्थ्य जाँच गर्न तथा प्रसुती गराउन प्रोत्साहन गर्ने आमा बच्चा पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ । स्वास्थ्य चौकीहरूलाई बर्थिङ् सेन्टरको रूपमा अगाडि बढाईनेछ ।
- नगरक्षेत्रका सबै विद्यालयका विद्यार्थीहरूको लागि निशुल्क आँखा परीक्षणशिविर सञ्चालन गरिनेछ ।
- **"बाआमाको सेवाः स्वास्थ्य उपचारमा टेवा"**भन्ने नाराका साथ ६० बर्ष माथिका जेष्ठ नागरिकका लागि घरदैलोमा गई उच्च रक्तचाप, मधुमेह, अक्सिजनको मात्रा नाप्ने लगायतका स्वास्थ्य परीक्षण गरी आवश्यक औषधी वितरण गरिने व्यवस्था गरिनेछ ।

- गुणस्तरिय स्वास्थ्य सेवामा विस्तार नागरिकको अधिकार भन्ने मुल नाराका साथ आयुर्वेदिक,होमियोप्याथी एवं प्राकृतिक उपचार प्रणालीको विस्तार गरिनेछ ।
- गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा मार्फत सवै नगरवासीलाई सर्वसुलभ सहज र समान रुपमा स्वास्थ्य सेवा उपलव्ध गरिनेछ ।
- हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारलाई वालमैत्री, अपाङ्गतामैत्री स्वास्थ्य संस्थाका रुपमा विकास गरिनेछ ।
- महालक्ष्मी नगरपालिकाका प्रसुति साथै आर्थिक रुपले विपन्न वर्गका विरामिहरुलाई निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ ।

**(ख) शिक्षाः**

- यस नगर क्षेत्रभित्र रहेका विद्यालयको शैक्षिक सुधार गर्न आवश्यक अनुगमन, निरीक्षण र सुपरिवेक्षणको लागि श्रोत जनशक्तिको व्यवस्थापन कार्य गरी व्यवस्थित गरिनेछ ।
- सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सेवा विस्तार गर्दै इ–लाइव्रेरी, इ–शिक्षा संचालन गर्ने प्रक्रिया अघि बढाइनेछ । साथै, विद्यालयमा रहेका कम्प्यूटरहरुको मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगर क्षेत्रभित्रका स्थानीय विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रम अझै ब्यबस्थित गर्दै प्रभावकारी कार्यान्वयन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- सम्पूर्ण विद्यालयलाई लैंगिकमैत्री, बालमैत्री, प्रविधिमैत्री र अपाङ्गतामैत्री शैक्षिक तथा भौतिक पहुँचयुक्त वातावरण बनाउने कार्यक्रम अगाडि बढाइनेछ ।
- दृष्टिविहीन, सुस्त श्रवण, सुस्तमनस्थिति लगायत अपांगता भएका बच्चालाई विद्यालयको पहूँच बाहिर नराख्ने नीति लिइनेछ । विद्यालय पढ्ने उमेरका कुनै पनि बालबालिकाहरु कुनै पनि कारणले विद्यालय बाहिर नरहने कुराको सुनिश्चितता गरिनेछ ।
- शिक्षाक्षेत्रलाई समय अनुसार  विद्यालयमा अंग्रेजी पढाईलाई व्यस्थित गर्दै लगिनेछ ।
- महालक्ष्मी नगरपालिकामा शिक्षा क्षेत्रलाई व्यवस्थित र मर्यादित वनाउन, शिक्षाको गुणस्तरमा वृद्धि गर्न आवश्यक नियम, कानून, मापदण्ड र कार्यविधि वनाई शिक्षकहरुलाई उचित स्थानहरुमा व्यवस्थापन गरिनेछ । साथै दण्ड र पुरस्कारको समेत व्यवस्था गरिनेछ ।
- आर्थिक अभावमा पढाईबाट बञ्चित हुन नपर्ने नीति लिइनेछ , अति विपन्न जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ । सिमान्तकृत, अल्पसंख्यक, माझी, भुजेल जातिका छात्रा विद्यार्थीहरुकोलागि विशेष छात्रवृति दिएर पढाईप्रति प्रोत्साहन कार्यलाई निरन्तरता दिईनेछ ।
- बालशिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ ।माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने नीति लिइनेछ ।
- सामुदायिक विद्यालयहरुलाई विद्यार्थीको आवत–जावत व्यवस्थाका लागि सवारी साधन खरिद गर्न आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
- माटोको गारो भएका विद्यालय विस्थापन गर्ने नीति लिइनेछ । टिनका छाना भएका सामुदायिक विद्यालयहरु छानो मर्मत तथा क्रमशः “सिलिङ्ग” राख्ने व्यवस्था आधारभूत तहबाट सुरु गरी विद्यार्थीहरुलाई टिनको प्रत्यक्ष तातो छानामुनी बस्नु पर्ने बाध्यताको अन्त्य गरिने नीति लिइनेछ ।
- विद्यार्थी संख्या र भौगोलिक दुरीका आधारमा विद्यालय तथा शिक्षक दरबन्दी समायोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै उत्कृष्ट सिकाई उपलब्धि र व्यवस्थापन भएका विद्यालयलाई अगुवा विद्यालय घोषणा अगुवा विद्यालय मार्फत कमजोर सिकाई उपलव्धि भएका र व्यवस्थापन भएका विद्यालयलाई सहयोगि गरिनेछ ।
- बिपन्न जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा हाँसिल गर्न आवश्यक सहयोग गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- एस.ई.ई. मा सर्वोत्कृष्ट जिपिए ल्याउने एक छात्र र एक छात्रा र दलित छात्र, छात्रालाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- महालक्ष्मी नगरपालिका क्षेत्रभित्रका माध्यमिक विद्यालयहरुमा प्राविधिक धारको शिक्षालाई अगाढि वढाउदै शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक शैक्षिक पूर्वाधार निर्माणमा सहयोग गर्ने नीतिलिइनेछ ।
- महालक्ष्मी नगरपालिकाको नगरस्तरिय परिक्षालाई व्यवस्थित गरी सवै विद्यालयमा एकरुपमा परिक्षा प्रणालि लागु गरिनेछ ।
- **पढ्दै कमाउदै** कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति अख्तियार गरिनेछ ।
- आधारभूत तथा माध्यमिक तह (६-१०) का विद्यार्थीको न्यूनतम सिकाई सुनिश्चितता सम्वन्धी कार्यक्रम संचालन गरिदै लगीनेछ ।
- महालक्ष्मी नगरपालिकाभित्रका सवै सामुदायिक विद्यालयका शिक्षकलाई ICT एवम् अन्य प्रविधिमा दक्ष वनाउदै गलीनेछ ।
- औषधि निर्माण, वैज्ञानिक अनुसन्धान तथा यस्तै अन्य खाद्य, व्यवसायीक तथा औद्योगिक प्रयोजनको लागि समेत गुणस्तरिय गाँजा उपलब्ध गराउन नेपालमा गाँजा खेतिलाई खुल्ला गर्न तथा यसको माध्यमबाट कृषकको आर्थिक स्तर बढाउनको लागि गाँजा खेति गर्ने नेपाल सरकारको नीति अनुरुप महालक्ष्मी नगरपालिका क्षेत्रभित्र रहेका बाँझो जग्गाहरु सम्भाव्यता अध्ययन गरी खाँजा खेति गरिनेछ ।

**(ग) संस्कृतिको प्रबर्धन तथा सामाजिक समावेशिताः**

- एकल महिलाले कुनै पेशा व्यवसाय गर्न चाहेमा आवश्यक तालिम प्रदान गरी दिगो व्यवसाय संचालन गर्नको लागि वित्तिय संस्थासंगको सहकार्यमा सहुलियत ऋण प्रदान गर्ने नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर गुम्वा आदिको अभिलेख राखी संरक्षणको ब्यबस्था मिलाइनेछ |
- महिलाका लागि आर्थिक सामाजिक र सांस्कृतिक परिवर्तनलाई प्रबर्द्धन गर्ने निती अवलम्वन गरिनेछ । महिला विकास कार्यक्रम मार्फत महिला समूह, समिति र संघसंस्थालाई निरन्तर सहयोग पुर्याईनेछ र सार्वजनिक स्थल तथा कार्यालयमा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।
- महालक्ष्मि नगरपालिका क्षेत्रभित्रका याख्खा जातिका लगायत अन्य मातृभाषाहरुलाई संरक्षण गर्दै जाने नीति लिईनेछ ।
- महिला, वालवालिका, दलित, आदिवासी, फरक क्षमता भएका नागरिक र उमेरका कारण निस्क्रिय अवस्थामा रहेका जेष्ठ नागरिकलाई सकरात्मक विभेदका आधारमा विकासमा सहभागी गराईनेछ ।
- लैङ्गिक हिंसा लगायत सबै प्रकारका हिंसाजन्य कार्य अन्त्यकालागिसमविकास तालिम संचालन गरिनेछ, लैंगिक हिंसा रोकथामका कार्यक्रम सन्चालन गर्ने, हिंसा प्रभावित महिलाहरुको पुनस्थापनाकालागि आवश्यक सहयोग गरिनेछ। सामाजिक सुरक्षा र समावेशी विकास (आदीवासी, जनजाती, महिला, दलित, फरक क्षमता भएका व्यक्ति आदीको) कार्यक्रम संचालन गरिनेछ ।
- महिलाद्धारा संचालित घरेलु उद्योग, कृषि फर्म, पशु फर्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिईनेछ ।
- वालवालिकाको अधिकार सुनिस्चित गर्न विकास योजना तर्जुमा देखी अनुगमनको चरणसम्म वालवालिकाको सहभागीताको लागि प्रत्येक वडामा गठन भएका वाल क्लवहरुलाई क्रियाशिल वनाईनेछ ।
- पिडित, छुवाछुत जस्ता कुरिती विरुद्ध सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्ने आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- बाल अधिकार सम्बन्धी राष्ट्रिय नीति तथा अन्तराष्ट्रिय सन्धी सम्झौताको पालनामा बिशेष ध्यान पुर्याईने छ ।
- नगरभरिका अपाङ्गता भएका, एकल महिला, लक्षित वर्गका लागि गैह्र सरकारी संस्थाको लागत साझेदारीमा विशेष कार्यक्रम संचालन गरिनेछ ।
- अन्तरपुस्ताको ज्ञान, अनुभव र सिप हस्तान्तरणका लागि जेष्ठ नागरिक मिलन केन्द्र संञ्चालन गरिनेछ ।

- महिला, जनजाती र विपन्न वर्गको सशक्तीकरणका लागि प्रतिस्पर्धात्मक तयारी कक्षा तथा अन्य कार्यक्रमहरुसंचालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति, काम गर्न नसक्ने अपाङ्गता र असाहाय आफ्नो हेरचार गर्न नसक्ने महिला र वालवालिकाको पहिचान गरी संघिय सरकार र प्रदेश सरकार र विकास साझेदारको सहयोगमा संरक्षण गर्न पहल गरिनेछ ।
- महालक्ष्मी नगरपालिकाभित्र अपाङ्गता भएका व्यक्तिहरुका लागि हेल्प डेक्सको स्थापना गरी कार्य अगाढि वढाईनेछ । साथै, अपाङ्गता भएका व्यक्तिहरुलाई जिवन सहज वनाउन सहायक सामाग्री तथा उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सुकुम्बासी तथा अव्यवस्थित बसोबासका व्यक्तिलाई जग्गाधनी प्रमाणपुर्जा, परिचयपत्र वितरण गर्ने प्रवन्ध मिलाइनेछ। साथै भूमिहीनहरुको लागि आवास निर्माण गर्ने नीति लिइएको छ ।
- उपमेयर महिला जीविकोजागरण कार्यक्रमलाई निरन्तरता प्रदान गरी प्रभावकारी बनाइने छ।
- नगरपालिकाका सबै वडाहरूमा जेष्ठ नागरिक चौतारी तथा बालवालिका पार्क बनाइदै लगिने छ।
- महालक्ष्मी नगरपालिका भित्रका महिलाहरुलाई स्थानीय उत्पादनसंग जोडेर विभिन्न सीप विकास तालिम प्रवर्धन गरी गुणस्तरयुक्त सामाग्री उत्पादन तथा बजार व्यवस्थापन गर्ने गरी संस्थागत रुपमा महालक्ष्मी कोसेली घर संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- उपमेयरसंग छात्रा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**(घ) खेलकुदः**

- खेलकुदको समूचित विकास गर्न पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिनेछ ।
- नगरपालिकाको केन्द्रमा रहेको खेल मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न बनाईनेछ । खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै खेलमैदानहरुको उचित संरक्षण र व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडामा एउटा ब्यवस्थित खेल मैदान स्थापना गरिनेछ ।
- मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- नगरपालिका स्तरीय भलिवल/फुटवल विविध प्रतियोगिताहरु तथा विद्यालयस्तरीय खेलकुद संचालन गरीनेछ ।
- पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ ।
- पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला, वालबालिका, जेष्ठ नागरिक र फरक क्षमता भएकालाई पनि समेटिनेछ ।
- महालक्ष्मी नगरपालिकाभित्र व्यवस्थित खेलको लागि कवड हल निर्माणको लागि पहल गरिनेछ ।
- महालक्ष्मी नगरपालिका क्षेत्रभित्रका शैक्षिक रुपमा उत्कृष्ट विद्यालयमा विद्यार्थीहरुलाई मार्सल आर्टका खेलका लागि विषेश व्यवस्थापन गरिनेछ ।
- महालक्ष्मि नगरपालिकाभित्रका माध्यमिक विद्यालयहरुमा स्काउटलाई प्रवेश गराई आगामि सन्ततीहरुलाई अनुसासीत, मर्यादित र भोलेन्टीयरको रुपमा विकास गरिदै लगिनेछ ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

**३. पुर्वाधार विकास नीति**

**क) खानेपानी**

- नगरक्षेत्रका खानेपानी उपभोक्ता समितिहरूको अभिलेख तयार गरी सबै नागरिकलाई शुद्ध खानेपानी उपलब्ध गराउन एक घर, एक धारा कार्यक्रम संचालन गर्ने र खानेपानी वितरण प्रणालीलाई मिटर प्रणालीमा रुपान्तरणलाई निरन्तरता दिईनेछ ।
- महालक्ष्मी बृहत खानेपानी योजना लेगुवा, जितपुर वडा नं ५, ६, ७ मा अघि बढाइनेछ ।
- महालक्ष्मी लिफ्टिङ्ग खानेपानी योजनाहरुलाई निरन्तरता दिइने छ ।
- चानुवा लिफ्टिङ्ग नेपानी योजना वडा नं. ४ लाई निरन्तरता दिइनेछ ।

- अन्य खानेपानी योजनाको मर्मत सम्भार संघीय, प्रदेश सरकारको सहयोग र नगरको साझेदारीमा अगाडि बढाइनेछ।
- सवै नगरवासीहरुलाई आधारभूत खानेपानी सेवामा पहुँच वढाउने नीति लिईनेछ । नगर क्षेत्रभित्र रहेका खानेपानी स्रोतहरुको संरक्षण र प्रवद्धन गरिनेछ ।
- सबै खानेपानी उपभोक्ता समितिहरूलाई स्थानीय माग र आवश्यकताका आधारमा खानेपानी संस्थानलाई हस्तान्तरण गरी स्वच्छ, सफा खानेपानी वितरणको कार्यक्रम सञ्चालनका लागि पहल गरिने छ ।

**ग) सडक र पूल**

- महालक्ष्मी नगरपालिकाका मूल सडकलाई यसै आर्थिक बर्ष देखि कालोपत्रे गर्न आरम्भ गरी आगामी ५ बर्ष भित्र कालोपत्र गरिसकिनेछ भने अन्य शाखा सडकहरुको स्तरउन्नती गरी १२ महिना यातायात संचालन हुनसक्ने नीति अवलम्वन गरिनेछ । उक्त कार्यकालागि प्रदेश र सङ्घीय सरकारसँग पहल गरीनेछ ।
- नगर क्षेत्रभित्रका प्रमुख वजार तथा पर्यटकीय स्थलमा प्राथमिकताका आधारमा पार्किङ्ग, सार्वजनिक शौचालय प्रतिक्षालय, सूचना वोर्ड जस्ता पूर्वाधार निर्माण कार्यलाई अगाडी वढाईनेछ ।
- सडक पूर्वाधार गुरुयोजना अनुरुप सडक संजालको विस्तार तथा निर्माण कार्य अगाडी वढाईनेछ ।
- एकिकृत शहरी विकास योजना निर्माण गरी यसै आर्थिक बर्षबाट कार्यान्वयनमा ल्याइने छ। जितपुर, रामबजार, डाँडागाउँ, मुलखर्क, दमार, घुमाउने, नेताचोक, चानुवा, कटहरेमा एकिकृत बस्ती विकास योजना लागु गरिनेछ ।
- मानवीय श्रम र न्यून लागतमा संचालन हुन सक्ने योजनामा ठुलो साधन प्रयोग नगरी जनसहभागिता मार्फत निर्माण कार्य सञ्चालन गरिने छ।
- महालक्ष्मी नगरको चक्रपथ सडकलाई निरन्तरता दिइनेछ ।
- नगरका सबै वडाहरूमा आवत जावत गर्न झोलुङ्गे पूल र मोटरेवल पूल निर्माणलाई उच्च प्राथमिकता प्रदान गरिनेछ।
- महालक्ष्मी नगरपालिकाका ९ ओटै वडा कार्यालयलाई नगरपालिकाको कार्यालय जोड्ने सडक संजालको स्तरोन्नती र कालोपत्रे सडक निर्माणका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी निर्माण कार्य अगाडि वढाईनेछ ।
- महालक्ष्मी नगरपालिका भित्रका सडकहरुलाई मर्मत कार्यको लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ ।
- विगत आर्थिक वर्षबाट मापदण्ड निर्धारण गरिएका सडकहरूको लगत कट्टालाई निरन्तरता दिईनेछ ।
- नगरभित्रका मुख्य सडक किनारामा हरियाली प्रर्वद्धनगरिने छ।प्रर्वद्धनका लागि मेयर टोल सुधार संस्थासँगको समन्वयमा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरका मुख्य–मुख्यबजार केन्द्रहरूमा सडक बत्ती जडान गरिने छ ।साथै मुख्य–मुख्य घाट तथा समाधिस्थलहरू ब्यवस्थित गर्ने नीति लिइनेछ ।

**घ) विद्युत**

- जलस्रोतको अधिकतम प्रयोगको लागि सम्भाब्यता अध्ययन गरी एकिकृत जलविद्युत तथा बैकल्पिक ऊर्जा (नवीकरणीय ऊर्जा समेत) विकास र उपयोग योजना निर्माण गरी नगरपालिका आफैं वा प्रदेश सरकार र सङ्घीय सरकारको साझेदारीमा कार्यान्वयनमा ल्याईने छ । क्रमशः काठका जीर्ण पोल विस्थापित गरी फलामे पोल राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- केन्द्रिय प्रसारण लाइनको पहुँच नभएका टोल वस्तिमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्नका साथै अति गरिब परिवारका लागि वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ । टोल, बस्ती र घर उज्यालो वनाउन सरोकारवालको सहभागितामा वैकल्पिक उर्जाको कार्यालाई निरन्तरता दिईनेछ ।
- उज्यालो नगर कार्यक्रमलाई प्रभावकारी बनाई सबै वडामा उज्यालो पुर्याइनेछ ।
- संघिय र प्रदेश सरकारसँग समन्वय गरी विद्युत प्रशारण लाईनलाई सुरक्षित र वैज्ञानिक वनाउन पहल गरिनेछ ।

**ङ) सूचना तथा सञ्चार**

- नगरका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरू, बस्तीहरू र अन्य सरकारी कार्यालयहरूमा गुणस्तरीय र प्रभावकारी इन्टरनेट सुविधा विस्तार गरिदै लगिनेछ ।
- सार्वजनिक सेवालाई सुलभ र पारदर्शी वनाउन नगरपालिकालाई प्रविधिमैत्री नगरको रुपमा विकास गरिनेछ ।
- सुचनाको हक सम्बन्धी महिलासंगको अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- नगरको मोवाईल एप्स निर्माण गरी अनलाईन सेवा प्रवाहको कार्यलाई अगाडि वढाईनेछ ।
- स्थानीय सञ्चार संस्थालाई प्रोत्साहन तथा पत्रकारको क्षमता विकासको लागि योजना तथा कार्यक्रम ल्याइनेछ ।
- नगरपालिका भित्रका सवै स्वास्थ्य संस्थाहरु लगायत अन्य सरकारी निकायहरुमा ई हाजिरी तथा सी सी क्यामेरा जडान गरिनेछ ।

**च) सिँचाइ**

- नगरक्षेत्रका सिँचाइ कुलोहरूको अभिलेखीकरण गरिने छ । आवश्यकतानुसार कुलोको प्राथमिकीकरण गरी मर्मत तथा सम्भार गरिने छ । मानवीय श्रम र न्यून लागतमा संचालन हुन सक्ने लागत अनुमान रु एक लाख सम्म भएका कुलोको मर्मतमा उपभोक्ता आफैंले गर्ने व्यवस्था मिलाईने छ ।
- नगर क्षेत्रभित्रका कृषि योग्य जमिनमा सिँचाई सुविधा विस्तार गर्न दातृ निकाय, संघ प्रदेश र स्थानीय तहको साझेदारी र सहकार्यमा संचालित साना सिँचाई आयोजनाको कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।
- सिँचाई आयोजनालाई नियमित मर्मत सम्भार र दिगो व्यवस्थापनको लागि जल उपभोक्ता संस्थासँग समन्वय सहकार्य गरी जिम्मेवार वनाईनेछ ।
- महालक्ष्मी नगर क्षेत्रभित्रका सिँचाई आयोजनाहरुलाई वहुउद्देशीय सिँचाई आयोजनाको रुपमा रुपान्तरण गरिनेछ ।
- सिँचाइका आधुनिक तथा प्रभावकारी प्रविधिको उपयोग गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराईने छ। अरुण नदीको पानी लिफ्टिङ् पद्धिबाट नगरपालिकाका४, ५, ६ र ७ वडाहरूमा सिँचाइ आयोजना केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी संचालन गरिनेछ।

**छ) भवन निर्माण**

- महालक्ष्मी नगरपालिकाको प्रशासनिक कामकाज गर्न उपयुक्त अपाङ्गमैत्री प्रशासनिक भवन निर्माण गरिने साथै नगरपालिकाको कार्यालय भवनहरुलाई सूरक्षित राख्नका लागि व्यवस्थित गरिनेछ ।
- नगरपालिका सवै वडा कार्यलयहरुमा वडा स्तरीय सामुदायिक हल निर्माणको लागि पहल गरिनेछ ।
- नगरपालिका भित्र भुकम्प रहित घर तथा भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता अनुसार गर्ने वा गराइनेछ।
- नगर क्षेत्रभित्रका निर्माण भएका निजी तथा सार्वजनिक भवनहरुको घर नम्वर अभिलेखन कार्यलाई निरन्तरता दिईनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति**

**क) विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापनको पूर्व योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । आगामी आर्थिक वर्षमा दमकल ल्याउनको लागि पहल गरिनेछ।
- नगरपालिका तथा वडाकार्यालयहरूमा विपद् व्यवस्थापनका न्यूनतम सामग्रीको व्यवस्था र विपद् व्यपस्थापन तथा उद्दार एकाई गठन गरी प्रयोगमा ल्याईने छ। मानवजन्य तथा प्रकृतिजन्य विपद्का सम्बन्धमा जनचेतनामूलक कार्यक्रम वडा वडासम्म संचालन गरिने छ।
- विकासका आयोजना संचालन गर्दा सम्भावित जोखिमको मुल्याङ्कन गरेर मात्र आयोजना संचालन गर्न अनुमति प्रदान गरिनेछ।
- विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको क्षेत्रमा सरोकारवाला निकायसँग समन्वय सहकार्य गरी विपद् व्यवस्थापन कार्यालाई प्रभावकारी वनाईनेछ ।
- प्राकृतिक प्रकोप पिडित नागरिकहरूलाई सुरक्षित उद्दार र व्यवस्थापन गर्न खुला सार्वजनिक स्थल छनोट गरी आवश्यक पुर्वाधार तयार गर्न आवश्यक तयारीको थालनी गरिनेछ।

- फोहरमैला व्यवस्थापन व्यवस्थित गर्न ल्याण्ड फिल साइट निर्माणको कार्य वैकल्पिक स्थानहरूको खोजी गरी व्यवस्थित गर्दै लगिनेछ।
- विपदको जोखिम आङ्कलन गर्न विपद जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा आपतकालिन उद्धार तथा राहत कोष तथा सामग्रीको व्यवस्था गरिनेछ ।
- **बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि र भूकम्प जस्ता कारणहरुको आंकलन गर्ने र यिनीहरुबाट हुने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न विपद व्यवस्थापनमा संघ र प्रदेश सरकारको समन्वयमा स्थानीय जनतासँग सहकार्य गरी आवश्यक वडा तथा नगरपालिकास्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाइनेछ ।**

**ख) जलवायु परिवर्तन,वन तथा वातावरण संरक्षण**

- महालक्ष्मी नगरपालिकाका स्थानीय वन ऐन निर्माण गरी सामुदायिक वनहरुलाई व्यवस्थित गर्दै लगिनेछ ।
- जलवायु परिवर्तनले कृषी उत्पादनमा पारेको नकारात्मक असर न्यूनीकरण गर्न आवश्यक अनुसन्धान गरी बैकल्पिक कृषी र फलफूल तथा जडीबुटी खेती पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ।
- विकासका पूर्वाधार, वातावरणीय प्रभाव मुल्याङ्कन गरेर मात्र निर्माण गर्ने कार्यको थालनी यसै आर्थिक बर्षबाट गरिनेछ।
- खेतीयोग्य बाहेकको बाँझो जमिनमा वृक्षारोपण गर्दै लगिनेछ।
- हरियाली नगर निर्माणका लागि सडकको छेउ छेउमा सडकलाई असर नपर्ने गरिस्थानीय स्तरमा पाइने बोट विरुवा रोप्ने कार्यको थालनी वडा कार्यालयमार्फत मेयर टोल सुधार संस्थाको अगुवाईमा गरिनेछ।
- नगर क्षेत्र भित्रको सामुदायिक निजी तथा सरकारी वनको अभिलेख तयार गरी सबै वनको संरक्षण तथा सम्वर्धन र व्यवस्थित प्रयोग गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका वन क्षेत्रहरूको संरक्षण, प्रवर्धन गर्दै वन क्षेत्रको अतिक्रमण रोक्ने प्रक्रिया अवलम्बन गरिनेछ । साथै, विरुवा उत्पादनको लागि नर्सरी स्थापना गर्न सामुदायिक वनसँग समन्वयगरिनेछ ।
- फोहरलाई पुनः प्रयोग र प्रशोधन गर्ने ब्यबस्था मिलाईनेछ | कुहिने फोहरलाई घरमै मल बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ |

**५. संस्थागत विकास सेवा प्रवाह र सुशासन सम्बन्धि नीति**

**क) संस्थागत विकास**

- संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरपालिकाको लागि सबै आवश्यक कानुनहरू निर्माण गरी यसै आर्थिक बर्षबाट कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिकाको संगठन संरचनामा सुधार गरी सेवा प्रवाहलाई सरल र सहज बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण वमोजिम सबै पदहरू पदपूर्ति गरिनेछ ।
- सबै वडा कार्यालयमा सेवा प्रवाह प्रभावकारी बनाउन न्यूनतम साधन र स्रोतको व्यवस्था गरिने छ । कर्मचारीको मनोवल र उत्प्रेरणा बढाउन कर्मचारी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाबाट संचालित सबै आयोजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न नियमित अनुगमन र पृष्ठपोषण, सूचना अधिकारीको व्यवस्था, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण तथा गुनासो सुनुवाईको व्यवस्था वडा अध्यक्ष सुशासन कार्यक्रममार्फत प्रभावकारी बनाईनेछ ।
- सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोगलाई जोड दिइनेछ ।
- नगरपालिकाको सबै कर्मचारीलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

**ख) सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक**

- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित र सरल बनाइनेछ ।
- लैङ्गिक हिंसा लगायत सबै प्रकारका हिंसाहरूमा शुन्य सहनशीलता अवलम्बन गरिनेछ ।

- जेष्ठ नागरिकसँग भएको अनुभव र ज्ञानलाई आगामी पुस्तामा हस्तान्तरण गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- जेष्ठ नागरिकलाई तिर्थ यात्रा भ्रमण गराइनेछ।
- जेष्ठ नागरिक चौतारी, हल, भवन निर्माण गरिनेछ ।

**ग) सुशासन**

- योजना निर्माण छनौट कार्यान्वयन र मूल्याङ्कन सम्मका प्रक्रिया समेटी कर्मचारी र उपभोक्ता समितिलाई विशेष तालिम र सहजीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पारदर्शिता प्रवद्धन गर्न स्थानीय कानून, ऐन र नियमहरुको पालना गर्न गराउन र सो सम्वन्धि स्वचालिन अनुगमन प्रणाली स्थापित गर्न आन्तरिक नियन्त्रण प्रणालिलाई कार्यान्वय गरिनेछ ।
- नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकलाई कामको मूल्याङ्कन गरी पुरस्कृत र दण्डित गरिनेछ । साथै, कार्य सम्पादन करार सम्झौताको प्रभावकारी कार्यान्वय गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्टिय रहनसहन संस्कृत भूगोल जलवायू उत्पादन जस्ता विषयमा आधारित भई अन्य नगर र देशसँग भगिनि सम्वन्ध स्थापित गर्न पहल गरिनेछ ।
- सभाबाट बजेट स्वीकृत पश्चात कार्यक्रम कार्यान्वयन पुस्तिका निर्माण गरी योजना कार्यान्वयन गरिने छ। अनुगमन योजना निर्माण गरी यस कार्यलाई व्यवस्थित गरिने छ।
- महालक्ष्मी नगरपालिकाको कार्यालयमा एकिकृत सेवा केन्द्र स्थापना गरी संचालनमा ल्याईनेछ ।
- बजेट कार्यान्वयनको चौमासिक समीक्षा गरिने छ।

**घ) सामाजिक विकास र न्याय**

- गरिब घरपरिवारको पहिचान गरी उनीहरूको स्वास्थ्य उपचार गर्ने साथै सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत उनीहरूको घरको खरको छानो विस्थापन गरी जस्ता पाता लगाइनेछ ।
- गरिब घरपरिवारको पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको सुरुवात गरिनेछ ।
- आगामि आर्थिक वर्षबाट किसान परिचयपत्र वितरण कार्यक्रमको सुरुवात गरिनेछ ।
- एकिकृत बस्ती विकासको अवधारणा कार्यान्ययनको प्रारम्भ गरिनेछ ।

**ङ) रोजगारको अवसर र क्षमता विकास**

- कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र रहेका सक्रिय उमेर समूहका बेरोजगार व्यक्तिहरूको लगत संकलन गरिनेछ ।
- नगरपालिका भित्रका गरिब घर परिवारको पहिचान गरी अति गरिब, मध्यम गरिब र गरिबको वर्गिकरण गरिनेछ।
- स्थानीय श्रमीकहरुको श्रमसीप परीक्षण गरेर प्रमाण पत्र दिइनेछ तथा बेरोजगार व्यक्तिहरूको तथ्याङ्कको आधारमा सीपमूलक तालिम प्रदान गरी रोजगारीमा ग्राह्यता दिइनेछ।
- रोजगार सेवा केन्द्रबाट सुचिकृत बेरोजगार श्रमिकलाई रोजगार प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ब्यवस्थित गरिनेछ । उक्त कार्यक्रममार्फत बेरोजगार जनशक्तिलाई रोजगारीको प्रबन्ध गरिनेछ ।
- नवप्रवर्तनमा आधारीत स्टार्ट अप बिजनेस प्रवर्धन गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी, बित्तिय तथा गैह्रसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
- बेरोजगार र विपन्न नागरिकहरुलाई बजारमा उपलब्ध रोजगारीहरु सहजरूपमा स्थानीय रूपमा नै उपलब्ध गराउन रोजगार मेला आयोजना गर्न प्रोत्साहन गरिनेछ ।
- युवा लक्षित रोजगार सचेतना कार्यक्रमहरु सञ्चालन गरि युवाहरुलाई बृहत रुपमा रोजगारीमा सहभागी गराईनेछ ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तारगरिनेछ ।

**७. विविध**

- गरिबीको रेखामुनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका, खरको छाना भएका घर परिवारहरूलाई सुरक्षित आवास निर्माण गर्न चाहेमा सुरक्षित नागरिक आवास कार्यक्रम संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा सञ्चालन गरिनेछ ।
- महालक्ष्मी नगरपालिका वडा नं. ५ र ६ मा रहेका गुठी जग्गाहरुलाई एकीन गरी जग्गा धनिपुर्जा वितरण गर्ने कार्य गरिनेछ ।
- सामुदायिक साझेदारीमा सचेतना कार्यक्रम संचालन गर्ने र स्थानीय स्रोत र साधनको प्रयोग गरी न्यून लागतका आयोजना संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- महालक्ष्मी नगरपालिकामा राजश्व सुधार कार्य योजना तयार गरी लागु गरिनेछ । साथै, नगरपालिका क्षेत्रभित्रका उद्योगी व्यवसायी र सम्वन्धित सरोकारवालहरुलाई करको दायरामा ल्याईनेछ ।
- नगरको आन्तरिक आयमा वृद्धि गर्न अध्ययन अनुसन्धान गरि कार्यान्वयन गरिनेछ ।
- मुख्य बजार क्षेत्र, कालोपत्रे तथा सडक बत्ति राख्न उपयुक्त स्थानमा सडक बत्ति राख्ने कार्य प्रथामिकताका साथ अगाडि बढाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र बन्ने घरहरूलाई भुकम्प प्रतिरोधी बनाउदै लगिने छ । नगरपालिकामा रहेका पुराना तथा नयाँ बन्ने सरकारी तथा व्यक्तिगत घरको आधुनिक र भुकम्प प्रतिरोधात्मक भवनको नक्सा पास गर्न निरन्तरता प्रदान गरिनुका साथै सरकारी भवनलाई सेतो र रातो मिश्रीत कलर, विद्यालय भवनलाई पहेलो कलर लगाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- ईलाका प्रशासन कार्यालय, मालपोत, कर, नापी, सञ्चार, आयुर्वेद सहित एकिकृत सेवा केन्द्र भवन स्थापना र सेवा उपलब्ध गराउन संघीय सरकार समक्ष विषेस पहल गरिनेछ ।
- निजी क्षेत्रबाट सञ्चालित यातायात कम्पनीहरुलाई नियमन तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- नगर भित्रका सम्पूर्ण सडकहरुलाई बाह्रै महिना सञ्चालन योग्य बनाउन नियमित सडक मर्मत सम्भार गर्ने नीति लिइनेछ ।
- महालक्ष्मी नगरपालिकाभित्र सवै प्रकारका राजश्वका क्षेत्रहरुको अध्ययन गरी करको दायरा वढाई नगरलाई आर्थिक रुपमा समृद्ध वनाउने नीति लिईनेछ ।
- नगरवासी नागरिकहरुको स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने खाद्य गुण नियन्त्रण अनुगमनलाई कडाइका साथ लागु गरिनेछ ।
- पालिका भित्र रहेका विविध प्रकारका साना ठुला पसल व्यवसायी पहिचान गरि करको दायरामा ल्याउन उत्प्रेरित गरिनेछ ।
- महालक्ष्मि नगरपालिकाको सिमाङ्कन एकीन गरि नगरको भूगोलको संरक्षण गर्ने नीति लिईनेछ ।
- करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ|
- पालिका क्षेत्र भित्र रहेका गुठीका जग्गालाई व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरुलाई व्यवस्थित रुपमा सन्चालन गर्नका लागि प्रत्येक योजनाका लागि गठन हुने उपभोक्ता समितिहरुलाई सम्बन्धित वडामा नै उपभोक्ता समितिको दर्ता गराएर मात्र सम्झौताको प्रकृया अगाडी बढाइनेछ ।
- स्वीकृत योजनाहरु मध्ये १५ लाख सम्मका रकम विनियोजित योजनाहरु मात्र उपभोक्ता समिति मार्फत सन्चालन गर्न सकिने व्यवस्था गरिएकोछ ।
- उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरुको हकमा उपभोक्ताले ब्यहोर्नुपर्ने लागत सहभागिता रकम कम्तिमा १५ प्रतिशत कायम गरि योजना सन्चालन गर्ने गराउने व्यवस्था गरिएकोछ ।
- स्वीकृत वार्षिक योजना बमोजिम उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गरी योजना सम्झौता गर्ने समयावधि मिति २०८१ फागुन मसान्त सम्म मात्र निर्धारण गरिएकोछ ।

- ठेक्का सम्झौता भई सन्चालन भएका योजनाहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा सम्झौताको म्याद थप गर्दा सम्झौता रकमको ०.०५ प्रतिशत जरिवाना लिएर म्याद थप गर्ने व्यवस्था भएबमोजिम उपभोक्ता समिति मार्फत सन्चालन भएका योजनाहरुको म्याद थप गर्दापनि ठेक्काको म्याद थप गर्दा लाग्ने जरिवाना लिएर मात्र म्याद थप गरिनेछ ।
- योजना अनुगमनलाई प्रभावकारी बनाउन योजनाको गुणस्तरीयता कायम गर्न योजना सन्चालन हुन भन्दा अघि (लागत स्टीमेट हुनुअघि) योजना सन्चालन हुँदाका बखत र योजना सम्पन्न भए पश्चात कम्तिमा ३ पटक नगरपालिका स्तरिय अनुगमन समितिबाट योजनाको अनुगमन गर्ने गराउने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।
- ५ लाख वा सो भन्दा बढी लागत अनुमान भएका उपभोक्ता समिति मार्फत सन्चालन गरिने योजनाहरुको हकमा भूक्तानी गर्दा भूक्तानी भएको रकमको ५ प्रतिशत रकम धरौटी वापत राखी त्रुटी सच्याउने समय (१३ महिना) पछि प्राविधिक प्रतिवेदनका आधारमा मात्र भूक्तानी दिने व्यवस्था मिलाइनेछ ।

अन्त्यमा यो नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने, वडा अध्यक्ष, नगर कार्यपालिकाका सदस्य, नगर सभाका सदस्यहरू, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू र अमूल्य सुझाव दिनुहुने राजनितिक दल, सामाजिक क्षेत्रका विद्वत वर्ग, शिक्षक तथा विषयगत अनुभवी सम्पूर्ण महानुभावहरु प्रति आभार प्रकट गर्दै सफल कार्यन्वयनको लागि पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

स्थानीय तहले आफ्नो विकास निर्माणका योजना आफै बनाई, आफ्नो स्थानको विकास आफैले गर्ने शुरुवातको यस विशिष्ट अवसरमा नगरसभाका सदस्यज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, कर्मचारी साथीहरू, सञ्चारकर्मी साथीहरू, विभिन्न पेसा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दमा म महालक्ष्मी नगरपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु ।

धन्यवाद ।

ध्रुवराज राया
नगर प्रमुख
महालक्ष्मी नगरपालिका, धनकुटा